# प्रदेश राजपत्र

गण्डकी प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ०९) पोखरा, वैशाख ३१ गते, २०८३ साल (संख्या १

## भाग ३

### गण्डकी प्रदेश सरकार

### <u>भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालयको सूचना</u>

### <u>क्षतिग्रस्त अभिलेख खडा गरी यातायात सेवा सञ्चालन गर्ने सम्बन्धी कार्यविधि,२०८३</u>

<u>प्रस्तावना:</u> सम्बत् २०८२ साल भाद्र महिनाको २३ र २४ गते भएको जेन-जी प्रदर्शनको समयमा आगजनी तथा तोडफोडका कारणबाट सवारी साधन तथा सवारी चालक अनुमतिपत्रको अभिलेख, रेकर्ड तथा ढड्डाको क्षति भएको हुँदा उक्त अभिलेख रेकर्ड दर्ता किताब खडा गरी यातायात व्यवस्था कार्यालयको सेवा सञ्चालन गर्न वाञ्छनीय भएकोले,

गण्डकी प्रदेश सवारी तथा यातायात व्यवस्था नियमावली, २०८० को नियम १०१ को उपनियम (१) ले दिएको अधिकार प्रयोग गरी गण्डकी प्रदेश सरकारले यो कार्यविधि बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः**(१) यस कार्यविधिको नाम "क्षतिग्रस्त अभिलेख खडा गरी यातायात सेवा सञ्चालन गर्ने सम्बन्धी कार्यविधि,२०८३" रहेको छ।

(२) यो कार्यविधि प्रदेश राजपत्रमा प्रकाशन भएको मितिबाट प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अन्य अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "कार्यालय" भन्नाले यातायात सम्बन्धी विषय हेर्ने मन्त्रालय अन्तर्गत रहेका यातायात व्यवस्था कार्यालय, यातायात व्यवस्था कार्यालय सवारी, यातायात व्यवस्था कार्यालय सवारी चालक अनुमतिपत्र वा सेवा कार्यालयलाई सम्झनु पर्छ।

(ख) "टि.एम.एस" भन्नाले कार्यालयको सवारी साधनको अभिलेख सम्बन्धी ट्रान्सपोटेसन मेनेजमेन्ट सिस्टम (Transportation Management System, TMS) सफ्टवेयरलाई सम्झनु पर्छ।

(ग) "सवारी फाइल" भन्नाले कुनै पनि सवारी साधनको भन्सार प्रज्ञापनपत्र, सरुवा सहमति पत्र, सवारी दर्ता गर्दा दिइने दरखास्त फाराम, बिल बिजक, प्राविधिक प्रतिवेदन तथा सवारी धनीको विवरण लगायतका कागजात समेतलाई सम्झनु पर्छ।

(घ) "सवारी दर्ता किताब तथा अभिलेख रेकर्ड" भन्नाले कार्यालयमा दर्ता भएका सवारी साधनहरुको दर्ता नवीकरण, खरिद बिक्रीको अभिलेख तथा सवारी चालक अनुमतिपत्रको दर्ता नवीकरण सम्बन्धी कागजातको अभिलेख समेतलाई सम्झनु पर्छ।

३. **सवारी दर्ता किताब पुनःखडा गर्ने र प्रतिलिपि जारी गर्ने:**(१) कार्यालयले सम्बत् २०८२ साल भदौ २३ र २४ गते भएको जेन-जी प्रदर्शनको क्रममा आगजनीमा परी पूर्ण रुपमा नष्ट भएका सवारी दर्ता किताब (ढड्डा) अभिलेख रेकर्ड पुनःखडा गरी सिलसिलेवार सवारी नम्बर उल्लेख गरी राख्ने र कामको सिलसिलामा प्राप्त प्रमाणका आधारमा विवरण भरी अभिलेख खडा गरी प्रमाणित गरी राख्ने व्यवस्था मिलाउनु पर्नेछ।

(२) कार्यालयले उपदफा (१) बमोजिम खडा भएको अभिलेख, TMS मा उपलब्ध भएको कागजात र सवारी दर्ता किताबमा सवारी धनीको विवरण भिडेमा सोहि आधारमा प्राविधिक चेकजाँच/जाचपाँस, नामसारी तथा सवारी दर्ता प्रमाणपत्रको प्रतिलिपि (ब्लुबुक) जारी गर्नेछ।

(३) कार्यालयमा भएका सवारी साधनको अभिलेख फाइल जली नष्ट भई फेला नपरेको भए TMS मा रहेको सम्पूर्ण विवरण सहितको सवारी दर्ता किताबको आधारमा कार्यालयले अभिलेख खडा गर्न सक्नेछ।

(४) कार्यालयले TMS मा विवरण नभिडेको वा कुनै पनि विवरण स्क्यानिङ नभएको हकमा देहाय बमोजिम कागजातका आधारमा दर्ता किताब पुनःखडा गर्न सक्नेछः-

(क) सवारी दर्ता सम्बन्धी फाइल तथा दर्ता किताब दुवै नभएमा सम्बन्धित सवारी धनीसँग रहेको सवारी दर्ता प्रमाणपत्र,

(ख) कर बुझाएको निस्साको सक्कल प्रति,

(ग) लिलाम सकारबाट आएको भए लिलाम गर्ने सम्बन्धित निकायको सिफारिस पत्र,

(घ) कम्पनी मार्फत आयात भई आएको भए सम्बन्धित कम्पनीले जारी गरेको प्रमाणित बिल बिजक वा सिफारिसपत्र,

(ङ) भन्सार प्रज्ञापन पत्र वा भन्सारबाट आयात भइ आएको सम्बन्धित भन्सार कार्यालयबाट प्रमाणित भइ आएपछि मात्र सो समेत संलग्न राखी सवारी साधन जाँच गर्ने प्राविधिक कर्मचारीबाट सवारी जाँच गराई सवारीमा कुनै पनि हेरफेर नभएको एकिन भएमा मात्र सवारी साधन, ईन्जिन नम्बर, चेसिस नम्बर, मोनोग्रामको फोटो खिची प्रमाणित समेत गरी प्राविधिकको राय अनुसार कार्य गर्ने,

(च) सवारी साधनको प्राविधिक चेकजाँचको क्रममा सवारीसाधनको स्वरुप हेरफेर भएको देखिएमा कार्यालयले दिएको स्वीकृतिको निस्सा, VRS रसिद/कर प्रिन्ट वा भन्सार प्रज्ञापन पत्र वा हेरफेर गरेको फर्म/कम्पनीको विल विजकको प्रतिलिपी वा हेरफेर गरिए पश्चातको इन्जिन/चेसिस/मोनोग्रामको प्रमाणित फोटोको प्रतिलिपिका आधारमा एकिन गरी सवारी साधन,

ईन्जिन नम्बर, चेसिस नम्बर, मोनोग्रामको फोटो खिची प्रमाणित समेत गरी प्राविधिकको राय लिइ सम्बन्धित सवारी धनीसँग पछि अन्यथा ठहरिन गएमा कानून बमोजिम सहन बुझाउन मञ्जुर छु भन्ने कागज गराइ सो सवारीको रेकर्ड फाइल खडा गरी दर्ता किताबमा जनाइ सम्बन्धित अधिकृतबाट प्रमाणित गराइ राख्ने ।

(५) अदालतको आदेश, बैंक तथा वित्तीय संस्था, सहकारी वा अन्य निकायबाट रोक्का रहेका सवारी साधनको अभिलेखीकरण गर्ने प्रयोजनका लागि राष्ट्रियस्तरको दैनिक पत्रिकामा १५(पन्ध्र) दिने सूचना प्रकाशन गर्ने र रोक्का अभिलेखीकरण सम्बन्धी कार्य गर्नुपर्नेछ।

(६) उपदफा (५) बमोजिमको अवधिमा त्यस्तो सवारी साधनको अभिलेखीकरण नगरेमा त्यसको सम्पूर्ण जिम्मा सम्बन्धित व्यक्ति वा निकायको हुनेछ।

४. **अभिलेख नभएको सवारी साधनको अभिलेख खडा गर्न सक्ने:**(१) कार्यालयमा भएको सवारी साधनको अभिलेख फाइल, दर्ता किताब जली नष्ट भई फेला नपरेको र सवारी धनीसँग रहेको सवारीको फाइल, सवारी दर्ता प्रमाणपत्र समेत फेला नपरेको सवारीको हकमा सम्बन्धित सवारी धनीले सवारीको विवरण खुलाई मेरो आफ्नै सवारी साधन हो भनी हकदावीको लागि कार्यालयमा लिखित निवेदन दिएमा सवारी साधनको अभिलेख खडा गर्न सकिनेछ।

(२) उपदफा (१) बमोजिम प्राप्त निवेदन संकलन गरी कार्यालयले एक महिनाको एक पटक (महिनाको अन्तिम हप्ता) राष्ट्रियस्तरको दैनिक पत्रिकामा ३५ (पैतीस) दिनको अवधि रहेको अनुसूची बमोजिमको ढाँचामा हकदावी सम्बन्धी सूचना प्रकाशित गर्ने र सोही सूचना अनुसार सवारी धनी बसोबास गर्ने स्थानीय तहको वडा र प्रहरी कार्यालयबाट पत्र सहित सिफारिस भै आएमा दफा ३ को उपदफा (४) अनुसारका प्रमाण कागज तथा प्रकृया पूरा गरी अभिलेख खडा गरी आवश्यक प्रमाणपत्र जारी गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिमको सूचना प्रकाशन गर्नका लागि कार्यालयमा उपदफा (१) बमोजिम निवेदन दिने सवारी धनीले प्रति सवारी साधन दुई पाङ्ग्रे सवारी साधनको हकमा दुई हजार र चारपाङ्ग्रे सवारी साधनको हकमा पाँच हजार रुपैयाँ प्रति सूचना सेवाशुल्क दाखिला गर्नु पर्नेछ।

५. **मार्ग इजाजतको दर्ता किताब खडा गर्ने र प्रतिलिपि जारी गर्ने:**(१) मार्ग इजाजतको विवरण भएको हकमा सम्बन्धित मार्ग इजाजतको दर्ता किताबको आधारमा मार्ग इजाजतको प्रतिलिपि जारी गर्न सक्नेछ।

(२) मार्ग इजाजतको विवरण नभएको हकमा देहाय बमोजिमको कागजातका आधारमा मार्ग इजाजतको दर्ता किताब खडा गर्नु पर्नेछः-

(क) कार्यालयमा भएको मार्ग इजाजत सम्बन्धी फाइल र मार्ग इजाजत दर्ता किताब आगजनीका कारण जली नष्ट भएमा सम्बन्धित सवारी धनीसँग रहेको मार्ग इजाजत प्रमाणपत्र वा कर बुझाएको निस्साको सक्कल प्रतिका आधारमा,

(ख) मार्ग इजाजात दर्ता किताब, मार्ग इजाजत दर्ता प्रमाणपत्र, कर दाखिला समेत गरेको निस्सा जलेर नष्ट भई फेला नपरेको र सम्बन्धित सवारी धनीसँग कुनै कागजात प्रमाण नभएको सवारीको हकमा सम्बन्धित यातायात प्रा.लि.बाट उक्त सवारी कुन मार्गमा सञ्चालन भएको हो सो को एकिन सिफारिस तथा व्यक्तिगत रुपमा मार्ग इजाजत जारी भएको भए सवारी धनी स्वयं उपस्थित भई मार्ग इजाजत जारी गरेमा फरक पर्ने छैन फरक ठहरे कानून बमोजिम सहुँला बुझाउँला भनी लिखित स्वःघोषणा गराई सोको रेकर्ड खडा गरी सोही मार्गमा नयाँ मार्ग इजाजात दर्ता प्रमाणपत्र जारी गर्नु पर्नेछ,

(ग) कार्यालयले यस दफा बमोजिम कायम भएका मार्ग इजाजत दर्ता किताबको अभिलेख टिएमएस प्रणालीमा राख्न सक्नेछ।

६. **नामसारी गर्न सक्ने:** सवारी साधन खरिद बिक्री गर्नको लागि कार्यालयमा गरेको सनाखतको अभिलेख जली नष्ट भएका सवारी साधनको हकमा सवारी धनीले कार्यालयको रोहवरमा गरेको सनाखतको सक्कल प्रति सहित निवेदन दिएमा सोही आधारमा नामसारी गर्न सक्नेछ।

७. **यातायात सेवाको नाम पञ्जिकृत प्रा.लि., शोरुम, कारखाना तथा रिकन्डिसन हाउस दर्ताको अभिलेख पुनःखडा गर्न सक्ने:** (१) कार्यालयमा दर्ता भएका यातायात सेवाको नाम पञ्जिकृत प्रा.लि.,शोरुम, वर्कसप, कारखाना तथा रिकन्डिसन हाउसको दर्ता सक्कल फाइल, ढड्डा आगजनीका कारण जली नष्ट भएकाको हकमा सम्बन्धित कम्पनीसँग भएको दर्ता प्रमाणपत्र, प्रबन्ध पत्र, नियमावली र कर बुझाएको निस्साको

सक्कल प्रतिका आधारमा ढड्डा अभिलेख पुनःखडा गरी सोको प्रमाणपत्र जारी गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम दर्ता प्रमाणपत्र हराएमा वा नासिएमा सो यातायात प्रा.लि., शोरुम, वर्कसप, कारखाना तथा रिकन्डिसन हाउस नयाँ प्रक्रियाबाट प्रचलित कानून बमोजिम तोकिएको शुल्क लिई दर्ता गर्न सक्नेछ।

(३) यस दफा बमोजिम कार्यालयले खडा गरिने अभिलेख टिएमएस प्रणालीमा समेत राख्न सक्नेछ।

८. **सवारी चालक अनुमति पत्र नवीकरण गर्न सक्नेः** कार्यालयमा रहेको सवारी चालक अनुमतिपत्रको अभिलेख जलेर नष्ट भएका सवारी चालक अनुमतिपत्र नवीकरण गर्दा देहायका आधारमा गर्न सकिनेछः-

(क) नेपाल सरकार, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, यातायात व्यवस्था विभागले विकास गरेको Electronic Driving License and Vehicle Registration System (EDLVR) परीक्षाको विस्तृत विवरण (Exam Details) मा भएका सवारी चालक अनुमतिपत्रको हकमा EDLVR सिष्टममा रहेको अभिलेखका आधारमा,

(ख) EDLVR सिष्टममा Exam Details नभएका तथा Driving License Registration System (DLRS) बाट App migrate भएका सवारी चालक अनुमतिपत्रको हकमा DLR सिष्टममा रहेको अभिलेखका आधारमा,

(ग) EDLVR सिष्टममा Paper Card Entry भएका तथा DLR सिस्टममा अभिलेख भएकाको हकमा DLR सिष्टममा रहेको अभिलेखका आधारमा,

(घ) EDLVR सिष्टममा Exam Details भएका तथा DLR सिस्टममा अभिलेख नभएकाको हकमा कार्यालयमा रहेको डिजिटल अभिलेख (ढड्डाको स्क्यान कपी) का आधारमा ।

९. **विविधः** (१) TMS लागु भएका कार्यालयले नयाँ दर्ता हुने, सरुवा सहमति दर्ता हुने तथा नयाँ अभिलेख खडा हुने सवारी साधनको सवारी फाइलको विवरण ढड्डामा कायम गरी TMS मा स्क्यानिङ गरी सम्बन्धित सवारी धनीलाई सक्कलै सवारी फाइल दिने व्यवस्था गर्नु पर्नेछ।

(२) यस कार्यविधि बमोजिमको प्रक्रिया पूरा गरी कार्यालयबाट सम्पादन भएका कामहरु मध्ये कसैले गलत मनसायका साथ झुट्टा विवरण पेश गरी सवारी दर्ता, नामसारी, सरुवा दर्ता, लिलाम दर्ता, जाँचपास, मार्ग इजाजत पत्र, सवारी दर्ता प्रमाणपत्रको प्रतिलिपि, सवारी कर वा सवारी चालक अनुमतिपत्र नवीकरण गरेमा कार्यालय प्रमुखले जाँचबुझ गरी गराई गलत मनसायबाट काम गराएको ठहर भएमा उक्त कार्य रद्द गरी प्रचलित कानून बमोजिम कारबाहीका लागि लेखी पठाउन सक्नेछ।

(३) यस कार्यविधि कार्यान्वयन गर्दा कसैले असल नियतले गरेको कामकारबाहीमा गण्डकी प्रदेश सवारी तथा यातायात व्यवस्था ऐन, २०७६ को दफा २१४ बमोजिम हुनेछ।

**अनुसूची**

(दफा ४ को उपदफा (२) सँग सम्बन्धित)

**गण्डकी प्रदेश सरकार**

**भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालय**

**यातायात व्यवस्था कार्यालय........**

हकदावी सम्बन्धी पैंतीस दिने सार्वजनिक सूचना

सम्वत् २०८२ साल भाद्र महिना २३ र २४ गतेको जेन-जी प्रदर्शनको क्रममा कार्यालयमा रहेको सवारी साधनको अभिलेख फाइल तथा सवारी दर्ता किताब जलेर नष्ट भएको तथा सम्बन्धित सवारी धनीसँग रहने सवारी दर्ता प्रमाणपत्र हराएको/नष्ट भएको भनी कार्यालयमा निवेदन पेश भएकोले यातायात व्यवस्था कार्यालय...................... मा तपसिल बमोजिमका व्यक्तिहरुले सवारी साधन आफ्नो नाममा रहेको र सो सवारी साधनको सवारी दर्ता प्रमाणपत्र (ब्लूबुक) बनाउने तथा आफ्नो नाममा सवारी साधनको अभिलेख विवरण कायम गरी पाँउ भनी निवेदन पेश गरेकोले यस कार्यालयको मिति ...................... गतेको निर्णय अनुसार यो हक दावी सम्बन्धी पैंतीस दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। यसमा निवेदकको माग बमोजिम निजको नाममा अभिलेख विवरण कायम गरी सवारी दर्ता प्रमाणपत्र जारी गर्न नपर्ने कुनै कारण भए वा सो सवारी साधानमा अन्य व्यक्तिको हक लाग्ने गरी हकवाला भएमा स-प्रमाण सहित म्यादभित्र स्वयम् व्यक्ति यातायात व्यवस्था कार्यालय, प्रशासन शाखा/सवारी शाखामा उपस्थित भई दाबी गर्न आउनुहोला। अन्यथा कानून बमोजिम भई जानेछ। पछि म्याद समाप्त भए पछि कहीँ कतै उजुर बाजुर लाग्ने छैन। साथै उल्लिखित सवारी साधन कुनै अदालत, सरकारी निकाय वा बैंक तथा वित्तिय संस्था वा अन्य निकायबाट रोक्का रहेमा समेत सरोकारवाला निकाय/व्यक्तिबाट म्याद भित्र स-प्रमाण कार्यालयमा जानकारी गराउनु हुन समेत अनुरोध गरिन्छ।

तपसिल

| क्र.सं. | हक दावीकर्ताको नाम थर | स्थायी ठेगाना | हाल बसोबास गर्ने ठेगाना | सवारी साधनको नम्बर | इन्जिन नं. | चेसिस नं. | सवारी साधनको किसिम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |

आज्ञाले

ई.कमल कुमार अधिकारी

प्रदेश सरकारको सचिव